नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: ~~476k+j6~~
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- २८३

## प्रमुख जिल्ला अधिकारीबाट जारी भएको निषेधाज्ञा

मिति २०८२।०५।२३ गतेदेखि काठमाडौं उपत्यका लगायत देशव्यापी रुपमा भईरहेको जेन-जी आन्दोलन र रसुवा कारागारबाट फरार रहेका कैदीबन्दीको अवस्थालाई मध्यनजर गरी जिल्ला सुरक्षा समिति, रसुवाको निर्णय समेतको आधारमा मिति २०८२।०५।२७ गते बिहान ६:०० बजेदेखि अर्को सूचना जारी नगरेसम्मका लागि रसुवा जिल्लाभर लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम निषेधाज्ञा जारी गरिएको छ। निषेधाज्ञा अवधिभर ५(पाँच) जनाभन्दा बढी व्यक्ति भेला/जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुश प्रदर्शन तथा सभा जस्ता बिरोधका कार्यक्रम गर्न निषेध गरिएको व्यहोरा अनुरोध छ। साथै, निषेधाज्ञा लागू भएको समय र क्षेत्रमा अत्यावश्यक सेवाका सवारी साधनहरू, सरकारी सवारी साधनहरू, बिरामी बोकेका एम्बुलेन्स, शव बाहन, दमकल, स्वास्थ्यकर्मीका सवारी साधन, सञ्चारकर्मीका सवारी साधनहरू, पर्यटकीय सवारी साधन, मानव अधिकार आयोग तथा कुटनीतिक नियोगका सवारी साधन र हवाई टिकटको आधारमा यात्राका लागि सुरक्षाकर्मीबाट आवश्यक सहजीकरण हुनेछ भने अन्य निजी तथा सार्वजनिक यातायातका सम्पूर्ण सवारी साधनहरू सञ्चालनमा रोक लगाइएको व्यहोरा अनुरोध छ। उक्त अवधिमा आदेशको उल्लघंन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्नेलाई कानूनी दायरामा ल्याइने व्यहोरा समेत जानकारी गराइन्छ।

मितिः २०८२।०५।२७ गते, ने.सं. ११४५,

(राजेश पन्थी)
प्रमुख जिल्ला अधिकारी